नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- २७५

मितिः- २०८१/११/०४

नेपाल संवत् ११४५

विषयः- राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा।

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै)।

गृह मन्त्रालयको च.नं. ८३०, मिति २०८१/१०/२८ को राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१ (फागुन ६, ७ र ८ गते तीन दिन) मनाउने सम्बन्धी पत्र र सो साथ प्राप्त राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१ मूल समारोह समितिको गठन एवम् अनुमोदित कार्यक्रम आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

११।४

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री गृह मन्त्रालय, सिंहदरबार।

श्री सूचना प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

(४)

नेपाल सरकार

# गृह मन्त्रालय

(मूल समारोह समितिको सचिवालय)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-प्रजातन्त्र दिवस - २०८१
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ८३०

मितिः २०८१/१०/२८
ने.स. ११४५

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(सङ्घीय मामिला महाशाखा)
सिंहदरबार, काठमाडौं।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २८७९
दर्ता मितिः- २०८१/१०/२९

विषय: **राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा ।**

सदाझैं राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१ (फागुन ६, ७ र ८ गते तीन दिनसम्म) भव्यतासाथ मनाउने सन्दर्भमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१ मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०८१/१०/२७ गते आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट अनुमोदित कार्यक्रमको छाँयाप्रति यसैसाथ संलग्न छ। अतः अनुमोदित कार्यक्रम बमोजिम कार्यक्रम आयोजनासहित दिवस मनाउने सम्बन्धमा सबै स्थानीय तहहरुमा आवश्यक निर्देशनका लागि निर्णयानुसार अनुरोध छ।

## तपसिल

१. काठमाडौं उपत्यका बाहिरका जिल्ला सदरमुकामहरुमा आयोजना हुने राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित पालिका प्रमुख सम्मिलित समिति गठन गर्ने र सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम सञ्चालन गरी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने।
२. सबै स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा **"राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति"** गठन गरी राष्ट्रिय प्रजातन्त्र दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाउन सबै स्थानीय तह मार्फत स्थानीयबासीहरुलाई अनुरोध गर्ने।
३. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रसारण-प्रकाशन गर्न लगाउने।
४. फागुन ६, ७ र ८ गते स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने।
५. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रसारण-प्रकाशन गर्न लगाउने।

नेपाल सरकार

# गृह मन्त्रालय

(मूल समारोह समितिको सचिवालय)

पत्र संख्या:-प्रजातन्त्र दिवस - २०८१

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ८३०

सिंहदरवार,
काठमाडौं, नेपाल ।

६. जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य सेवा सम्बद्ध स्थानीय संघ-संस्थाहरुसमेतको समन्वयमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने।

७. शिक्षा विकास तथा समन्वय इकाईसमेतको समन्वयमा फरक क्षमता भएका विद्यार्थीहरुलाई उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने।

८. विभिन्न आन्दोलनहरुका सहिद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरूलाई प्रमुख जिल्ला अधिकारीको समन्वयमा सम्मान कार्यक्रम आयोजना गर्ने।

(जयनारायण आचार्य)
सहसचिव

**सादर अवगतार्थः**

श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय।

# राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१

नेपाल सरकार
गृह मन्त्रालय

मूल समारोह समिति

## गठन एवम् अनुमोदित कार्यक्रम

गोकर्णमणि दुवाडी

# राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१

## मूल समारोह समिति

## गठन एवं कार्यक्रम

नेपालमा वि.सं. २००७ साल फागुन ७ गते प्रजातन्त्र स्थापना भएको ऐतिहासिक दिनको स्मरणमा प्रत्येक वर्ष फागुन ७ गते नेपाल राज्यभर र विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग एवं वाणिज्य दूतावासहरूमा समेत विविध कार्यक्रमका साथ हर्षोल्लासपूर्वक प्रजातन्त्र दिवस मनाइँदै आएको छ। सदाझैं यस वर्ष पनि यही फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवस भाव्यतासाथ मनाउने सन्दर्भमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको गरिमामय समुपस्थितिमा यही मिति २०८१ माघ २७ गते बिहान ११:०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विशिष्ट पदाधिकारीहरूको बैठक बसी पेश भएका प्रस्तावउपर छलफल गरी तपसिल बमोजिम निर्णय भएको छ।

नेपाल सरकार
गृह मन्त्रालय

<u>तपसिल</u>

**क. "राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समिति, २०८१" को गठन :**

| | | |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली | अध्यक्ष |
| २. | माननीय उपप्रधानमन्त्रीहरु, मन्त्रीहरु एवं राज्यमन्त्रीहरु | सदस्य |
| ३. | काठमाडौं महानगरपालिकाका प्रमुख | सदस्य |
| ४. | नेपाल सरकारका मुख्य सचिव | सदस्य |
| ५. | प्रधानसेनापति | सदस्य |
| ६. | ललितपुर महानगरपालिकाका प्रमुख | सदस्य |
| ७. | नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु | सदस्य |
| ८. | महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| ९. | महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल | सदस्य |
| १०. | मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| ११. | उपत्यकाका नगरपालिकाका प्रमुखहरू | सदस्य |
| १२. | सचिव, गृह मन्त्रालय | सदस्य-सचिव |

गोकर्णमणि दुवाडी
सचिव

ख. सङ्घीय सरकार तथा केन्द्रीयस्तरका कार्यक्रम :

**फागुन ६ गते**

१. प्रजातन्त्र दिवस-केन्द्रीत विशेष सम्वाद, परिसम्वाद, रेडियो नाटक लगायतका जनचेतनामूलक कार्यक्रमहरूको निर्माण, सञ्चालन तथा प्रसारण गर्ने व्यवस्था मिलाउने।

२. राष्ट्रियस्तरका छापा सञ्चार गृहहरूलाई राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा विशेषाङ्क/स्मारिका प्रकाशन गर्नुका साथै प्रजातन्त्रको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख-रचनाहरूको सँगालो प्रकाशन गर्ने।

३. रेडियो नेपाल, नेपाल टेलिभिजन, सामुदायिक एवं निजी क्षेत्रका अन्य विद्युतीय तथा छापा सञ्चार माध्यमहरूबाट प्रजातन्त्रको महत्वको बारेमा कार्यक्रम प्रसारण/प्रकाशन गराउने तथा परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने।

४. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने, साँझ सबै सरकारी तथा गैर सरकारी कार्यालय तथा घरघरमा समेत दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने।

५. सबै जिल्लाहरूमा सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने।

६. जिल्ला स्तरमा विभिन्न आन्दोलनहरूका शहीद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरूलाई प्रमुख जिल्ला अधिकारी एवम् स्थानीय तहको समन्वयमा सम्मान कार्यक्रम आयोजना गर्ने।

७. जिल्ला स्तरमा फरक क्षमता भएका विद्यार्थीहरूले अध्ययन गर्ने विद्यालयहरूमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम संचालन गर्ने। यस कार्यमा ७७ वटै प्रमुख जिल्ला अधिकारीले आवश्यक समन्वय गर्ने।

**फागुन ७ गते**

१. नेपाली सेनाद्वारा सैनिक-मञ्च, टुँडिखेलमा बिहान सूर्योदयसँगै बिगुल (रिभ्याली) बजाउने तथा तोप र बन्दुकको बढाईं (स्याल्भो र भली फायर) गर्ने ।

२. नेपाली सेनाको हेलिकोप्टरबाट **"राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१"** अङ्कीत व्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने तथा नेपाली सैनिक-मञ्च, टुँडिखेलमा हेलिकोप्टरबाट पुष्पवृष्टि र झण्डा प्रदर्शन गर्ने ।

३. नेपाली सैनिक-मञ्च, टुँडिखेलमा **राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१** को औपचारिक मूल समारोह आयोजना गर्ने र उक्त समारोहमा निर्वाचित जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, सार्वजनिक तथा सामुदायिक संघ-संस्था र शैक्षिक तथा प्राज्ञिक प्रतिष्ठानका पदाधिकारीहरू, नागरिक समाजका लब्ध-प्रतिष्ठित व्यक्तित्वहरु तथा सर्वसाधारण समेतको उपस्थितिका लागि आमन्त्रण गर्ने।

नेपाल सरकार गृह मन्त्रालय

गोकर्णमणि दुवाडी
सचिव

४. मूल समारोह समितिद्वारा नेपाली सैनिकमञ्च, टुँडिखेलमा आयोजित मूल समारोहको कार्यक्रम रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गर्ने।

५. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट सातै प्रदेशको साँस्कृतिक विविधता झल्कने प्रकृतिको प्रस्तुति सैनिक मञ्च टुँडिखेलमा गर्ने।

६. रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट **राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१** को अवसरमा जागरण गीत प्रसारण गर्ने र अन्य रेडियो, एफ.एम. तथा टेलिभिजनहरुलाई समेत प्रसारणका लागि अनुरोध गर्ने।

७. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने।

८. विकास निर्माणमा भए, गरेका प्रमुख उपलब्धी झल्किने वृत्तचित्र/दृश्य बनाई सार्वजनिक होर्डिङ बोर्ड एवम् टेलिभिजनबाट प्रसारण गराउने।

**फागुन ८ गते**

सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने ।

**ग. विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासका कार्यक्रम :**

१. विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासहरूमा फागुन ६, ७ र ८ गते कार्यालयको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने।

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालका विशिष्ट गौरवमय मौलिक पहिचान तथा विशेषता झल्कने विद्युतीय प्रचार सामग्री समूचित प्रचार-प्रसारका लागि परराष्ट्र मन्त्रालय मार्फत विदेशस्थित नेपाली कुटनीतिक नियोगहरुमा पठाउने ।

**घ. प्रदेश राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहस्तरका कार्यक्रम :**

१. सबै प्रदेशहरुमा प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा प्रदेशस्तरीय **"राष्ट्रिय प्रजातन्त्र दिवस समारोह समिति"** गठन गरी विविध कार्यक्रमका साथ राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरुपमा मनाउन सबै प्रदेश सरकार मार्फत प्रदेशबासीहरुलाई अनुरोध गर्ने।

२. सबै स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा **"राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति"** गठन गरी राष्ट्रिय प्रजातन्त्र दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाउन सबै स्थानीय तह मार्फत स्थानीयबासीहरुलाई अनुरोध गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय

गोकर्णमणि दुवाडी
सचिव

३. फागुन ६, ७ र ८ गते प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने।

४. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रसारण-प्रकाशन गर्न लगाउने।

५. काठमाडौं उपत्यका बाहिरका जिल्ला सदरमुकामहरुमा आयोजना हुने राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय पालिका प्रमुख सम्मिलित समिति गठन गर्ने र सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गरी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने। समन्वय, सहजीकरण तथा शान्ति सुरक्षाको व्यवस्था प्रमुख जिल्ला अधिकारीले मिलाउने।

नेपाल सरकार
गृह मन्त्रालय

गोकर्णमणि दुवाडी
सचिव

मूल समारोहका कार्यक्रमहरुको प्रभावकारी व्यवस्थापनका लागि देहाय बमोजिमका उपसमितिहरु गठन गर्ने ।

| | | |
|---|---|---|
| | **प्रचार प्रसार उप-समिति** | |
| १. | सचिव, संचार तथा सूचना प्रविधि मन्त्रालय | संयोजक |
| २. | अध्यक्ष, नेपाल पत्रकार महासंघ | सदस्य |
| ३. | अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | सदस्य |
| ४. | अध्यक्ष, सार्वजनिक सेवा प्रसारण नेपाल (रेडियो नेपाल, नेपाल टेलिभिजन) | सदस्य |
| ५. | अध्यक्ष, गोरखापत्र संस्थान | सदस्य |
| ६. | अध्यक्ष, राष्ट्रिय समाचार समिति | सदस्य |
| ७. | प्रबन्ध निर्देशक, नेपाल टेलिकम | सदस्य |
| ८. | अध्यक्ष, विज्ञापन वोर्ड | सदस्य |
| ९. | सहसचिव, गृह मन्त्रालय (आन्तरिक व्यवस्थापन महाशाखा) | सदस्य |
| १०. | महानिर्देशक, सूचना तथा प्रसारण विभाग | सदस्य-सचिव |
| | **मञ्च सजावट तथा व्यवस्थापन उप-समिति** | |
| १. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका | सदस्य |
| ४. | सहायक प्रमुख जिल्ला अधिकारी, काठमाडौं | सदस्य |
| ५. | सुपरिन्टेन्डेन्ट इन्जिनियर, सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कर्यालय | सदस्य |
| ६. | प्रमुख सेनानी, जङ्गी अड्डा निवेश | सदस्य |
| ७. | प्रहरी नायव महानिरीक्षक, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य |
| ८. | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| ९. | शाखा अधिकृत, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| १०. | प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य-सचिव |
| | **ग्राउण्ड, कवाज तथा व्यायाम व्यवस्थापन उप-समिति** | |
| १. | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | संयोजक |
| २. | सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय | सदस्य |
| ३. | प्रमुख सेनानी, समारोह सञ्चालन निर्देशनालय, जङ्गी अड्डा | सदस्य |
| ४. | नगर प्रहरी प्रमुख, काठमाडौं महानगरपालिका | सदस्य |
| ५. | शाखा अधिकृत, आन्तरिक प्रशासन सवारी तथा सभा समारोह व्यवस्थापन शाखा, गृह मन्त्रालय | सदस्य |
| ६. | प्रहरी वरिष्ठ उपरीक्षक, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य-सचिव |

नेपाल सरकार
गृह मन्त्रालय

गोकर्णमणि दुवाडी
सचिव

## साँस्कृतिक झाँकी व्यवस्थापन उपसमिति

| | | |
|---|---|---|
| १. | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | संयोजक |
| २. | सहसचिव, संस्कृति पर्यटन तथा नागरिक उडयन मन्त्रालय | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | सदस्य |
| ४. | प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका | सदस्य |
| ५. | प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका | सदस्य |
| ६. | प्रमुख प्रशासकीय अधिकृत, गोकर्णेश्वर नगरपालिका | सदस्य |
| ७. | प्रमुख प्रशासकीय अधिकृत, कागेश्वरी मनोहरा नगरपालिका | सदस्य |
| ८. | प्रमुख प्रशासकीय अधिकृत, बुढानिलकण्ठ नगरपालिका | सदस्य |
| ९. | प्रमुख प्रशासकीय अधिकृत, शंखरापुर नगरपालिका | सदस्य |
| १०. | प्रमुख प्रशासकीय अधिकृत, टोखा नगरपालिका | सदस्य |
| ११. | प्रमुख प्रशासकीय अधिकृत, नागार्जुन नगरपालिका | सदस्य |
| १२. | प्रमुख प्रशासकीय अधिकृत, तारकेश्वर नगरपालिका | सदस्य |
| १३. | प्रमुख प्रशासकीय अधिकृत, कीर्तिपुर नगरपालिका | सदस्य |
| १४. | प्रमुख प्रशासकीय अधिकृत, चन्द्रागिरी नगरपालिका | सदस्य |
| १५. | प्रमुख प्रशासकीय अधिकृत, दक्षिणकाली नगरपालिका | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत, मध्यपुर ठिमी नगरपालिका | सदस्य |
| १७. | प्रमुख प्रशासकीय अधिकृत, चाँगुनारायण नगरपालिका | सदस्य |
| १८. | प्रमुख प्रशासकीय अधिकृत, सुर्यविनायक नगरपालिका | सदस्य |
| १९. | प्रमुख प्रशासकीय अधिकृत, गोदावरी नगरपालिका | सदस्य |
| २०. | प्रमुख प्रशासकीय अधिकृत, महालक्ष्मी नगरपालिका | सदस्य |
| २१. | शाखा अधिकृत, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| २२. | प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य-सचिव |

नेपाल सरकार
गृह मन्त्रालय

## साँस्कृतिक विविधता प्रदर्शन व्यवस्थापन उपसमिति

| | | |
|---|---|---|
| १. | सचिव, रक्षा मन्त्रालय | संयोजक |
| २. | सहसचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. | निर्देशक, समारोह सञ्चालन निर्देशनालय, नेपाली सेना | सदस्य |
| ४. | प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी (सम्बन्धित विभाग) | सदस्य |
| ५. | सशस्त्र प्रहरी नायव महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल (सम्बन्धित विभाग) | सदस्य |
| ६. | महाप्रबन्धक, साँस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) | सदस्य |
| ७. | उपसचिव, प्रहरी कर्मचारी प्रशासन शाखा, गृह मन्त्रालय | सदस्य |
| ८. | उपसचिव, रक्षा मन्त्रालय | सदस्य-सचिव |

गोकर्णमणि दुवाडी
सचिव

## क्रियाकलाप तथा कार्ययोजना :

| क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय |
|---|---|---|---|
| १. सबै प्रदेशका माननीय मुख्यमन्त्रीहरुलाई सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्रजातन्त्र दिवस भव्यरुपमा मनाउन निर्देशन दिने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. प्रजातन्त्र दिवसको शुभकामनाको एस.एम.एस. तथा डिस्प्ले बोर्डमा सन्देश प्रसारण गराउने व्यवस्था मिलाउने । | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सरकारी तथा निजी क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| ३. दिवस-केन्द्रीत विशेष सम्वाद, परिसम्वाद, रेडियो नाटक लगायत जनचेतनामूलक कार्यक्रमहरुको प्रसारण/प्रकाशन गर्ने व्यवस्था मिलाउने ।<br>४. राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा प्रजातन्त्र दिवसका विशेषाङ्क/स्मारिकाको रूपमा प्रकाशन गर्नुका साथै प्रजातन्त्रको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख रचनाहरूको सँगालो प्रकाशन गर्ने।<br>५. रेडियो नेपाल, नेपाल टेलिभिजन एवं सामुदायिक, निजी क्षेत्रका अन्य सञ्चार माध्यमहरूबाट प्रजातन्त्रको महत्वको बारेमा कार्यक्रम प्रसारण/प्रकाशन गराउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सरकारी, सामुदायिक तथा निजी क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| ६. **विकास निर्माणमा भए, गरेका प्रमुख उपलब्धी झल्किने वृत्तचित्र/दृश्य बनाई सार्वजनिक होर्डिङ बोर्ड एवं टेलिभिजनबाट प्रसारण गराउने।** | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल सरकारका सबै मन्त्रालयहरू | गृह मन्त्रालय |
| ७. **नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट सातै प्रदेशको सांस्कृतिक विविधता झल्कने प्रकृतिको प्रस्तुति गर्ने।** | रक्षा मन्त्रालय | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, साँस्कृतिक संस्थान | गृह मन्त्रालय |
| ८. सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय, युवा तथा खेलकुद मन्त्रालय | स्थानीय पालिकाहरु तथा स्थानीय खेलकुद विकास समिति | गृह मन्त्रलाय, जिल्ला प्रशासन कार्यालय |
| ९. रक्तदान कार्यक्रमको आयोजना गर्ने। | नेपाल रेडक्रस सोसाइटी | स्वास्थ्य सम्बद्ध संघ-संस्थाहरु | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| १०. आन्दोलनहरुका शहीद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरुलाई सम्मान गर्ने। | जिल्ला समन्वय समिति | स्थानीय पालिकाहरु | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |

नेपाल सरकार गृह मन्त्रालय

गोकर्णमणि दुवाडी
सचिव

| | | | |
|---|---|---|---|
| ११.फरक क्षमता भएका विद्यार्थीहरुलाई उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने। | स्थानीय पालिकाहरु | शिक्षा विकास तथा समन्वय इकाई | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |
| १२. साँझ दीप प्रज्ज्वलन गर्ने। | स्थानीय पालिकाहरु, सरकारी निकायहरु | स्थानीय सामुदायिक संघ-संस्थाहरु | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, |

नेपाल सरकार
गृह मन्त्रालय

गोकर्णमणि दुवाडी
सचिव

## सैनिक मञ्च टुँडिखेलको मूल समारोहमा उपस्थित हुनुहुने महानुभावहरु

१. सम्माननीय राष्ट्रपति,
२. सम्माननीय उपराष्ट्रपति,
३. सम्माननीय प्रधानमन्त्री,
४. सम्माननीय प्रधानन्यायाधीश,
५. सम्माननीय सभामुख, प्रतिनिधि सभा,
६. सम्माननीय अध्यक्ष, राष्ट्रिय सभा,
७. माननीय पूर्वराष्ट्रपतिहरू,
८. माननीय उपप्रधानमन्त्रीहरू,
९. पूर्व उपराष्ट्रपतिहरू,
१०. पूर्व प्रधानमन्त्रीहरु/मन्त्रिपरिषद्का पूर्व अध्यक्ष,
११. माननीय मन्त्रीहरु,
१२. माननीय उपसभामुख, प्रतिनिधि सभा,
१३. माननीय उपाध्यक्ष, राष्ट्रिय सभा,
१४. माननीय राज्यमन्त्रीहरु,
१५. संङ्घीय संसदका संसदीय समितिका माननीय सभापतिहरू
१६. राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष,
१७. संवैधानिक निकायका प्रमुखहरु,
१८. महान्यायाधिवक्ता,
१९. सङ्घीय संसदका माननीय सदस्यहरु,
२०. काठमाडौं महानगरपालिकाका प्रमुख,
२१. नेपाल सरकारका मुख्य सचिव,
२२. प्रधानसेनापति,
२३. ललितपुर महानगरपालिकाका प्रमुख,
२४. जिल्ला समन्वय समितिका प्रमुखहरु (उपत्यका भित्रका),
२५. संङ्घीय संसदका महासचिव,
२६. सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार,
२७. नेपाल राष्ट्र बैंकका गभर्नर,
२८. प्रज्ञा प्रतिष्ठानका कुलपति तथा विश्वविद्यालयका उपकुलपतिहरू,
२९. नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु,
३०. नेपालस्थित विदेशी राजदूतहरु/संयुक्त राष्ट्र संघका आवासीय प्रतिनिधि,

नेपाल सरकार
गृह मन्त्रालय

गोकर्णमणि दुवाडी
सचिव

## नेपाली सैनिक-मञ्च, टुँडिखेलको मूल समारोहको कार्यक्रम तथा समयतालिका

**कार्यक्रम सुरु हुने समय - बिहान ८:३० बजे**

**कार्यक्रमको अनुमानित समयावधि : १ घण्टा ४५ मिनेट (आगमन समय बाहेक)**

### आमन्त्रित विशिष्ट महानुभावहरुको आगमन

| | |
|---|---|
| १. राष्ट्रियसभाका सम्माननीय अध्यक्षज्यूको आगमन | - ८:३० बजे |
| २. प्रतिनिधिसभाका सम्माननीय सभामुखज्यूको आगमन | - ८:३३ बजे |
| ३. सम्माननीय प्रधानन्यायाधीशज्यूको आगमन | - ८:३६ बजे |
| ४. राष्ट्रिय प्रजातन्त्र दिवस, मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यूको आगमन | - ८:३९ बजे |
| ५. विशिष्ट अतिथि, सम्माननीय उपराष्ट्रपतिज्यूको आगमन | - ८:४२ बजे |
| ६. प्रमुख अतिथि सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको आगमन तथा राष्ट्रपतिज्यूबाट सलामी ग्रहण | - ८:४५ बजे |
| ७. राष्ट्रिय गान र झण्डोत्तोलन | - ४ मिनेट |
| ८. ज्ञात-अज्ञात शहीदहरू प्रति उच्च-सम्मान र श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चीरशान्तिको लागि मौनधारण | - १ मिनेट |
| ९. नेपाली सेनाको हेलिकोप्टरबाट "**राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१**" अङ्कीत ब्यानर प्रदर्शन गरी पुष्पवृष्टि एवं बेलुनहरु उडाउने कार्य टुँडिखेल मूल कार्यक्रम स्थलमा गर्ने। साथै, सो कार्य पश्चात हेलिकोप्टरबाट "**राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१**" अङ्कीत ब्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने। | - ५ मिनेट |
| १०. नेपाली सेनाद्वारा शान्तिका प्रतीक परेवा उडाउने, | - १ मिनेट |
| ११. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालद्वारा संक्षिप्त मार्च पास, | - १० मिनेट |
| १२. साँस्कृतिक झाँकी प्रदर्शन, | - ३० मिनेट |
| १३. साँस्कृतिक विविधता झल्कने प्रदर्शन | - १५ मिनेट |
| १४. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालद्वारा संक्षिप्त ब्याण्ड प्रदर्शन गर्ने, | - १० मिनेट |
| १५. राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समितिका अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्रीज्यूबाट सम्बोधन, | - २० मिनेट |
| १६. सम्माननीय राष्ट्रपतिज्यूको फिर्ती सलामी र विदाई। | - १० मिनेट |

नेपाल सरकार
गृह मन्त्रालय

*(रेडियो नेपाल, नेपाल टेलिभिजन तथा अन्य श्रव्य-दृष्य संस्थाबाट सम्पूर्ण कार्यक्रमको प्रत्यक्ष प्रसारण)*

गोकर्णमणि दुवाडी
सचिव